आज मिति २०८३/०३/०९ गतेका दिन लेकवेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ७१

बैठक प्रारम्भ: विहानको ७:३० बजे — समापन: विहान ९:०० बजे सम्म

उपस्थिति

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | [signature] |
| २ | नगर उप-प्रमुख | श्री विमला खड्लुक | [signature] |
| ३ | वडा अध्यक्ष | श्री हरिमान घले | [signature] |
| ४ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर वुढा | [signature] |
| ५ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | [signature] |
| ६ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | [signature] |
| ७ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | [signature] |
| ८ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | [signature] |
| ९ | वडा अध्यक्ष | श्री रुद्र बहादुर नेपाली | [signature] |
| १० | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | [signature] |
| ११ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | [signature] |
| १२ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | [signature] |
| १३ | कार्यपालिका सदस्य | श्री जानकी पुन | [signature] |
| १४ | कार्यपालिका सदस्य | श्री साबित्रा नेपाली | [signature] |
| १५ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | [signature] |
| १६ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | [signature] |
| १७ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | [signature] |
| १८ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | [signature] |
| १९ | कार्यपालिका सदस्य | श्री लीलमति बि.क. | [signature] |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्र कुमार शर्मा | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| | शिक्षा अधिकृत आठौं | श्री पहलमान अधिकारी | |
| २२ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी | |
| २३ | बरिष्ठ लेखा अधिकृत | श्री दिनेश भण्डारी | |
| २४ | ई.सातौं | श्री महेश काफ्ले | |
| २५ | आ.ले.प.अधिकृत छैठौं | श्री डिल बहादुर रावत | |
| २६ | लेखा अधिकृत छैठौं | श्री हरिलाल न्यौपाने | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणित प्रतिलिपि

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०३/०९ गतेको ७१औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २. | लेकवेशी नगर अस्पतालको भवन निर्माणको म्याद थप गर्ने सम्बन्धमा। | लेकवेशी नगर अस्पतालको भवन निर्माण सुचारू गर्न ठेकेदार कम्पनीको तर्फबाट म्याद थपका लागि निवेदन प्राप्त भएकोले म्याद थपका लागि सभामा पेश गर्न निर्णय गर्नु पर्ने । | पूर्वाधार विकास शाखा | |
| ३. | भेरीयसन सम्बन्धमा । | वडा नं. २ अन्तर्गत सोरठी चोक-लेखगाउँ सडक स्तरोन्नति कार्यको लागत अनुमान संशोधन गरी थप हुने रकम भुक्तानी गर्न निर्णय गर्नु पर्ने । | पूर्वाधार विकास शाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३/०३/०९ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू:

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस लेकवेशी नगरपालिका अन्तर्गतको १५ शैया नगर अस्पताल भवन (ठेक्का नं. 14-NCB/WORKS/LM/9/077-078) को निर्माणका लागि श्री खड्का-ओली-शुभ आशिर्वाद जे.भी., कोहलपुर-११, बाँकेसँग मिति २०७८/०३/२१ मा ठेक्का सम्झौता भएकोमा अस्पतालको भवन निर्माण स्थल वन क्षेत्रमा परि रूखहरू हटाउन समय लागेकोमा हाल रूखहरू हटाइ सकिएको र उक्त भवन निर्माण कार्य सुचारू गर्न सम्बन्धित ठेकेदार कम्पनीबाट आ.व. २०८३/०८४ को साउन १ गतेबाट आ.व. २०८४/०८५ को असार २० गते सम्म (२४ महिना) को लागि म्याद थप गरिदिन हुन भनि बैंक ग्यारेन्टी र निर्माण समय तालिका सहित यस कार्यालयमा निवेदन पेश भएकोले म्याद थप गरी १५ शैयाको नगर अस्पताल भवन निर्माण सुचारू गर्नका लागि निर्णयार्थ नगर सभाको १९औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

वडा नं. २ अन्तर्गत सोरट्टी चोक-लेखगाउँ सडक स्तरोन्नति कार्य कार्यान्वयनका क्रममा प्रारम्भिक लागत अनुमान तयार गर्दा समावेश हुन नसकेका आवश्यक कार्यहरू फिल्डको वास्तविक अवस्था अनुसार सम्पन्न गर्नुपर्ने देखिएकोले सम्झौता बमोजिमको कार्य पूर्ण रूपमा सम्पन्न गर्न लागत अनुमानमा संशोधन आवश्यक भएको देखियो। प्राविधिक शाखाबाट पेश भएको संशोधित लागत अनुमान, नापी तथा भेरियसन प्रस्तावका आधारमा सम्झौता रकममा ५.७३ प्रतिशतले वृद्धि भई रु.१,७५,३१०/- (अक्षरेपी एक लाख पचहत्तर हजार तीन सय दश रुपैयाँ मात्र) थप व्यय हुने देखिएकाले प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उक्त भेरियसन स्वीकृत गरी नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत